# हतुवागढी गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ३ संख्याः ४ मितिः २०७८।०३।१०


# लैङ्गिक हिंसा निवारण कोष संचालन ऐन, २०७८

## सम्वत् २०७८ सालको ऐन नं. १

## हतुवागढी गाउँपालिकामा लैङ्गिक हिंसा निवारण कोष संचालन गर्न बनेको ऐन

**प्रस्तावनाः** नेपालको संविधानमा लैंगिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाई लैंगिक भेदभाव बिना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धि हक, राज्यका सबै निकायमा सामानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने लगायतका मौलिक हकको प्रत्याभुत गरी महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा हिँसा जस्ता जघन्य अपराधलाई दण्डनीय बनाई पिडितलाई क्षतिपुर्ति दिलाउने गरी शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा विशेष अवसरहरु द्वारा लैंगिक समानता कायम गर्न स्थानीय लैंगिक हिंसा निवारण कोष सञ्चालन सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

हतुवागढी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ :</u> (१) यो ऐनको नाम “लैंगिक हिंसा निवारण कोष” सञ्चालन ऐन, २०७८ रहेको छ ।

(२) यो ऐन हतुवागढी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ।

(३) यो ऐन हतुवागढी गाउँपालिका क्षेत्रभित्र मात्र लागू हुनेछ।

२. <u>परिभाषा :</u> (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) ‘संघ’ भन्नाले संविधान बमोजिम संघीय संरचनाको सबै भन्दा माथिल्लो एकाईको रुपमा रहने संघीय तह सम्झनु पर्छ ।

(ख) ‘प्रदेश’ भन्नाले संविधान बमोजिम संघीय एकाईमा विभाजन गरिएको नेपालको संघीय एकाईको क्षेत्र र स्वरुप सम्झनु पर्छ ।

(ग) 'स्थानीय तह' भन्नाले संविधान बमोजिम नगरपालिका, गाँउपालिका र जिल्ला सभालाई सम्झनु पर्छ
(घ) 'गाउँपालिका' भन्नाले हतुवागढी गाउँपालिकालाई सम्झनु पर्छ।
(ङ) 'कार्यपालिका' भन्नाले हतुवागढी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।
(च) 'कार्यालय' भन्नाले हतुवागढी गाउँपालिकाको कार्यालय सम्झनु पर्छ।
(छ) 'कोष' भन्नाले दफा ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ।
(ज) 'पिडित' भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ।
(झ) 'मन्त्रालय' भन्नाले महिला 'बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ र सो शब्दले प्रदेशको सामाजिक विकास मन्त्रालय समेतलाई जनाउछ।
(ञ) 'लैङ्गिक हिंसा' भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिँसा सम्झनु पर्छ।
(ट) 'संघ संस्था' भन्नाले लैगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैर सरकारी संस्था सम्झनु पर्छ।
(ठ) " तत्काल उद्धार तथा राहत समिति" भन्नाले गाउँपालिकामा गठित स्थानीय तत्काल उद्धार तथा राहत समितिलाई सम्झनु पर्दछ।

३. <u>**कोषको स्थापना :**</u> (१) 'लैंगिक हिँसा निवारण कोष' नामको देहाय बमोजिमको रकम हुनेगरी एक कोष रहनेछ।
(क) संघीय सरकारबाट प्राप्त रकम,
(ख) प्रदेश सरकारबाट प्राप्त रकम,
(ग) गाउँपालिकाबाट प्राप्त रकम,
(घ) स्वदेशी व्यक्ति वा संघ, संस्थाबाट प्राप्त रकम,
(ङ) बिदेशी व्यक्ति, अन्तर्राष्ट्रिय संघ, संस्था वा सरकार बाट प्राप्त रकम,
(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम,
(२) कोषको खाताको सञ्चालन गाउँपालिकको प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

४. <u>**कोषको सदुपयोग**</u> : (१) कोषको रकम देहायको कामको लागि पिडितलाई उपलब्ध गराउन सकिनेछ।
(क) तत्काल उद्धार गर्न,
(ख) औषधि उपचार गर्न,
(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,
(घ) कानूनी सहायता वा स्वरोजगार, मनोसामाजिक उपचार तथा मनोविमर्श प्रदान गर्न,
(ङ) कुनै व्यवसाय वा स्वारोजगार गर्नको लागि व्यवसाय स्थापना गर्न अनुदानको रकमको रुपमा प्रदान गर्न,
(च) पुनर्स्थापना केन्द्र/सेवा केन्द्र सञ्चालन गर्न,
(छ) पिडितको लागि सञ्चालक तथा राहत समितिले तोके बमोजिमको अन्य काममा तथा पिडितको तत्काल उद्धार, राहत र पुनस्थापनका लागि राहत आर्थिक सहयोग तथा अन्य सामाग्री उपलब्ध गराउने ,
(ज) लैंगिक हिँसा र यौनजन्य दुर्व्यवहारको कसुरबाट पिडितले प्रचलित कानुन बमोजिम कसुरदारबाट प्राप्त गर्नुपर्ने क्षतिपुर्ति त्यस्तो कसुरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखिई अदालतको आदेश बमोजिमको रकम पिडितलाई क्षतिपुर्ति स्वरुप भराउन लेखि आएमा त्यस्तो क्षतिपुर्ति दिन।

(२) दफा (१) मा जुनसुकै करा लेखिएको भएतापनि तत्काल उद्धार तथा राहत समितिले लैंगिक हिँसाबाट पिडित बालबालिका तथा किशोर किशोरी वा लैगिक हिँसाबाट प्रभावित भई लागु पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सकिनेछ ।

५. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने : (१) कोषको रकम दफा (४) मा लेखिए बाहेकको अन्य कार्यमा प्रयोग गर्न सकिने छैन ।

तर उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि तत्काल उद्धार तथा राहत समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चका लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

६. तत्काल उद्धार तथा राहत समितिको गठन : (१) कोषको सञ्चालन, व्यवस्थापन, राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि गाउँपालिका स्तरीय तत्काल उद्धार तथा राहत समिति रहनेछ ।

(२) तत्काल उद्धार तथा राहत समितिको गठन देहाय बमोजिम हुनेछ

(क) गाउँपालिका अध्यक्ष संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत सदस्य

(ग) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख सदस्य

(घ) स्वास्थ्य शाखा प्रमुख सदस्य

(ङ) स्थानीय प्रहरी प्रमुख सदस्य

(च) कार्यपालिकाका सदस्यहरु मध्ये अध्यक्षले मनोनित गरेको एक जना महिला सदस्य

(छ) कानून शाखा प्रमुख सदस्य

(ज) लैंगिक हिँसा निवारणको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरु मध्येबाट सञ्चालक तथा राहत समितिका अध्यक्षले तोकेको संस्थाको प्रतिनिधि १ जना सदस्य

(झ ) महिला तथा बालबालिका शाखा प्रमुख सदस्य सचिव

३. तत्काल उद्धार तथा राहत समितिका सदस्यको पदावधि दुई वर्षको हुनेछ साथै उक्त समितिको कार्यालय हतुवागढी गाउँपालिकाको कार्यालयमा रहनेछ।

७. तत्काल उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार : (१) तत्काल उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) लैंगिक हिँसा निवारणको सम्बन्धमा गाउँपालिकाबाट स्विकृत नीति, योजना तथा कार्यक्रमको लागि कोषको रकम उपयोग गर्ने,

(ख) पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ग) संघ, प्रदेश र स्थानीय तहमा लैंगिक हिँसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा तहहरु बिच समन्वय गर्ने,

(घ) हतुवागढी गाउँपालिका भित्र घटेका लैंगिक हिँसा सम्बन्धि घटनाको अभिलेख अद्यावधिक गर्ने,

(ङ) सिपमूलक तालिम वा स्वरोजगार प्राप्त पिडितलाई सहयोग प्रदान गर्ने,

(च) लैंगिक हिँसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्था सँग समन्वय गर्ने,

(छ) लैंगिक हिँसा हुन नदिनका लागि गाउँ एवम् वडा स्तरमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने,

(ज) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभए सम्बन्धमा अनुगमन गर्ने वा गराउने ।

(झ) कोषको वृद्धिको लागि स्रोतको खोजी गर्ने,

(ञ) लैंगिक हिँसा निवारण सम्बन्धि अन्य काम गर्ने वा गराउने ।

८. **तत्काल उद्धार तथा राहत समितिको बैठक र निर्णय :**

(क) तत्काल उद्धार तथा राहत समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(ख) तत्काल उद्धार तथा राहत समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(ग) तत्काल उद्धार तथा राहत समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै सञ्चालक तथा राहत समितिको सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(घ) तत्काल उद्धार तथा राहत समितिका कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(ङ) तत्काल उद्धार तथा राहत समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ ।

(च) तत्काल उद्धार तथा राहत समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ ।

(छ) तत्काल उद्धार तथा राहत समितिले आश्यकता अनुसार हतुवागढी गाउँपालिकाको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई विशेषज्ञको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(ज) तत्काल उद्धार तथा राहत समितिको निर्णय सो समितिको सदस्य सचिवले प्रमाणित गरी राखिनेछ

(झ) तत्काल उद्धार तथा राहत समितिको बैठक सम्बन्धि अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **पिडितलाई रकम उपलब्ध गराउने** : (१) पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि तत्काल उद्धार तथा राहत समितिले कोषबाट पिडितको नाममा रकम निकासा दिनेछ ।

१०. **राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेको रकमको हद र आधार :** १. यस ऐन बमोजिम पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ ।

(क) पिडितलाई तत्काल उद्धार गरी सवारी साधन प्रयोग गर्नु पर्ने भएमा सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चबापत प्रतिदिन तीन सय रुपैंया र बास बस्नु पर्ने भएमा सो बापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन चार सय रुपैंयाको दरले बढीमा पाँच हजार रुपैंया,

(ख) पिडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रतिदिन तीन सय रुपैंया, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु पर्ने भएमा बढीमा तीन दिनको खर्च बापत प्रतिदिन पाँचसय रुपैंया र उपचार खर्च समेत गरी बढीमा पाँच हजार रुपैंया,

(ग) कानुनी सहायता, मनोसामाजिक परामर्श वा मनोविमर्शका लागि बढीमा पाँच हजार रुपैंया सम्म,

(घ) कुनै व्यवसाय वा स्वरोजगार गर्नको लागि बिउ पूँजीको रुपमा बस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा पच्चीस हजार रुपैंया,

(ङ) पिडितलाई तत्काल उद्धार, औषधिउपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएको र सोको लागि तत्काल उद्धार तथा राहत समितिले कुनै रकम उपलब्ध नगराएको वा गराउन सम्भव हुने अवस्था नदेखिएकोमा तत्काल उद्धार तथा राहत समितिको अध्यक्षले सो प्रयोजनका लागि पचास हजार रुपैयामा नबढ्ने गरी मनासिव रकम,

(च) पुनर्स्थापनाका लागि बढीमा दश हजार रुपैंया,

(छं) तत्काल उद्धार तथा राहत समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैंया,

(ज) पिडित सगैँ कुनै बालबच्चा भए बालबच्चाका लागि पिडित सरहको खाना खर्च रकम ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिका बाहिर रहे बसेको (यस गाउँपालिकाको स्थायी बासिन्दा ) पिडितलाई तत्काल उद्धार तथा राहत समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

११. **राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने** : (१) यस ऐन बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पिडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई अनुसूची-१ बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पिडितलाई सञ्चालक तथा राहत समितिले राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा तत्काल उद्धार तथा राहत समितिले दफा (१०) को अधिनमा रही पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

१२. **तत्काल रकम उपलब्ध गराउन सक्ने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि जलाइएको, एसिड प्रयोग गरी वा छर्की वा त्यस्तो पदार्थले पोलेको लागयतका गम्भीर प्रकृतिका घटनाका पिडितलाई उद्धार, औषधि उपचार, पुनर्स्थापना वा राहत लगायतको प्रयोजनको लागि तत्काल आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर मानवीय क्षति हुने देखिएमा र तत्काल उद्धार तथा राहत समितिको बैठक तत्काल बस्ने अवस्था नरहेमा तत्काल उद्धार तथा राहत समितिको अध्यक्षले आवश्यकता र औचित्यताको आधारमा मनासिव रकम कोषबाट पिडितलाई उपलब्ध गराउन सक्नेछ ।

१३. **कोषको लेखा र लेखा परीक्षण** : (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षक बाट हुनेछ ।

१४. **आवर्ति (रिभल्भिङ) कोषः** यो कोष आवर्ति कोषको रुपमा रहनेछ ।

१५. **प्रतिवेदन पेश गर्नेः** (१) तत्काल उद्धार तथा राहत समितिले प्रत्येक ६ महिनामा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन कार्यपालिकामा पठाउनु पर्नेछ ।

१६. **बैठक भत्ता** : तत्काल उद्धार वा राहत समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए बापत गाउँ कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता बापत पाउनेछन् । तर त्यस्तो रकम वर्षको २४ वटा भन्दा बढी बैठकको लागि उपलब्ध हुनेछैन ।

१७. **निर्देशन दिन सक्ने** : (१) तत्काल उद्धार तथा राहत समितिको काम कारवाहीको सम्बन्धमा सो समितिलाई गाउँ कार्यपालिकाले आवश्यक निर्देशन दिन सक्नेछ ।

(१) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु तत्काल उद्धार तथा राहत समितिको कर्तव्य हुनेछ ।

१८. **खारेजी** : (१) कुनै कारणबस कोष सञ्चालन गर्न आवश्यक नभएमा गाउँसभाले उक्त कोष खारेज गर्न सक्नेछ ।

(२) कोषको खारेजी भएमा कोषमा रहेको रकम हतुवागढी गाउँपालिकामा स्वतः हस्तान्तरण हुनेछ ।

<u>अनुसूची १</u>

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

**बिषय : सहयोग उपलब्ध गराई पाँऊ ।**

श्री अध्यक्षज्यू,
तत्काल उद्धार तथा राहात समिति
हतुवागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
घोडेटार भोजपुर

म........................मा बस्ने................बर्षको मिति.............................मा लैंगिक हिँसाबाट पिडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैंगिक हिँसा (...............................) भएको कारणले मेरो मानसिक/शारीरिक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई उपचार/कानूनी सहायता एंव परामर्श/उद्धार/मनोविमर्श/स्वारोजगार/पुनर्स्थापना/अन्य..............कामको लागि सहयोगको आवश्यकता परेको हुँदा लैंगिक हिँसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनुहुन यो निवेदन पेश गरेको छु ।

निवेदकको
नाम थर :
ठेगाना :
दस्तखत :
मिति :